नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी नं.: ३६३८

मिति २०७४।२।५

विषय: जानकारी सम्बन्धमा ।

श्री विभाग सबै
श्री समिति/प्रतिष्ठान/ सबै
श्री जिल्ला समन्वय समिति सबै
श्री महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका सबै
श्री गाउँकार्यपालिका सबै

उपरोक्त विषयमा निर्वाचन आयोग नेपालको च.नं. २०३५ मिति २०७४।२।२ को प्राप्त पत्रानुसार २०७४ बैशाख ३१ गते सम्पन्न भएको र जेष्ठ ३१ गते सम्पन्न हुने स्थानीय तह निर्वाचनको सिलसिलामा आयोगको मिति २०७३।११।१८ को मितिवाट जारी भएको आचारसंहिताको सम्बन्धमा आयोगको मिति २०७४।२।१ मा तपसिल वमोजिम निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन यस मन्त्रालयको मिति २०७४।२।५ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१ मिति २०७४।१।३१ गते प्रवेश नं ३,४ र ६ का ३४ जिल्लाहरुमा प्रथम चरणको स्थानीय तह निर्वाचनको मतदानको कार्य सम्पन्न भइसकेको हुदाँ उल्लेखित प्रदेशहरुमा हुने नियुक्ती, सरुवा, बढुवा, काज, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार, विदा र अध्ययन, अवलोकन,तथा विदेश भ्रमणका सम्बन्धमा सम्बन्धित मन्त्रालयले नै आवश्यक निर्णय लिने, यसरी निर्णय लिदा दोस्रो चरणको २०७४ जेष्ठ ३१ गते निर्वाचन हुने प्रदेश नं १,२,५ र ७ मा लागू रहेको निर्वाचन आचार संहिता विपरित नहुने गरी गर्ने ।

२ नेपाल सरकारले प्रस्तुत गर्ने बार्षिक वजेटका सम्बन्धमा चिर्वाचन आचारसंहिता २०७२, स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ तथा निर्वाचन अचारसंहितासंग सम्बन्धित आयोगद्धारा भएका नीतिगत निर्णयहरु यथावत लागू रहने ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ
श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ ।
श्री सूचना तथा विधुतीय शासन शाखा : *Website मा राखिदिनु हुन ।*